
के परमेश्वरले केवल नौ
आज्ञा दिनुभयो ?

# मलाई भन्नुहोस्, के परमेश्वरले केवल नौ आज्ञा दिनुभयो ?

मैले दस आज्ञाको विषयमा इन्टर्नेटमा हेरें, र म छक्क परें; किनभने यू.एस.ए.को नोफोक, विर्जिन्याको 'सेक्रट हार्ट' नामक क्याथोलिक चर्चको वेब-पेचमा मैले एउटा अनौठो कुरा देखें र पढ़ें, जुन कुरा प्रायः सबै रोमन् क्याथोलिक चर्चहरूको बारेमा सत्य ठहरिन्छः तिनीहरूको हातमा परमेश्वरले मोशाको हातद्वारा इस्राएलीहरूलाई दिनुभएका दस आज्ञाहरू नौ आज्ञा मात्र भएका रहेछन् । किनभने तिनीहरूको वेब-पेचमा 'दस आज्ञाहरू' भन्ने शीर्षकमा मैले निम्न कुरा पढ़ेंः

**दस आज्ञाहरूः**

*आज्ञा एकः* 'म परमप्रभु तिमीहरूको परमेश्वर हुँ; मेरो सामु तिमीहरूले पराई देवताहरू नमान्नू !'
*आज्ञा दुईः* 'तिमीहरूले परमप्रभु तिमीहरूका परमेश्वरको नाम व्यर्थ नलिनू !'
*आज्ञा तीनः* 'प्रभुको दिन पवित्र राख्न सम्झ !'
*आज्ञा चारः* 'आफ्नो बुबा र आमाको आदर गर !'
*आज्ञा पाँचः* 'हत्या नगर !'
*आज्ञा छः* 'व्यभिचार नगर !'

*आज्ञा सातः* 'चोरी नगर !'
*आज्ञा आठः* तिमीहरूले आफ्नो छिमेकीको विरुद्धमा झूटो गवाही नदिनू !'
*आज्ञा नौः* 'तिमीहरूले आफ्नो छिमेकीकी पत्नीको लोभलालच नगर्नू !'
*आज्ञा दसः* 'तिमीहरूले आफ्नो छिमेकीको कुनै सामानको लोभलालच नगर्नू !'

आउनुहोस्, हामी उक्त कुरा अब परमेश्वरको वचनमा दिइएको दिव्य प्रकाशसित तुलना गरौं, जहाँ यसो लेखिएको छः

*'अनि परमेश्वरले यसो भन्दै यी सबै वचनहरू भन्नभयोः*

*"परमप्रभु तिम्रो परमेश्वर म नै हुँ; मैले तिमीलाई मिस्र देशबाट, दासत्वको घरबाट निकालेर ल्याएँ । मेरो सामु तिम्रो अरू कुनै देवी-देवता हुनुहुँदैन ।*

*तिमीले आफ्नो निम्ति कुनै खोपेको मूर्ति बनाउनुहुँदैन, अथवा माथि आकाशमा भएको, तल पृथ्वीमा भएको वा पृथ्वीमनि पानीभित्र भएको कुनै थोकको प्रतिमूर्ति बनाउनुहुँदैन ।*

*तिमीले ती थोकहरू दण्डवत् गर्नुहुँदैन र तिनीहरूको पूजा गर्नुहुँदैन; किनकि म परमप्रभु तिम्रो परमेश्वर जलन राख्ने ईश्वर हुँ; मलाई घृणा गर्नेहरूका सन्तानहरूलाई तिनीहरूका पुर्खाहरूको अधर्मको निम्ति म तेस्रो र चौथो पुस्तासम्म दण्ड दिन्छु; तर मलाई प्रेम गर्नेहरू र मेरा आज्ञाहरू पालन गर्नेहरूलाई तिनीहरूका हजारौं पुस्तासम्म म करुणा देखाउँछु ।*

*तिमीले परमप्रभु आफ्ना परमेश्वरको नाम व्यर्थैमा लिनुहुँदैन; किनकि जसले उहाँको नाम व्यर्थमा लिन्छ, त्यसलाई परमप्रभुले निर्दोष ठहऱ्याउनुहुनेछैन ।*

*विश्राम-दिन पवित्र मान्न तिमीले यसको सम्झना जारी राख्नुपर्छ । यसर्थ छ दिन तिमीले परिश्रम गर्नुपर्छ र आफ्ना सबै कामहरू गर्नुपर्छ । तर सातौं दिनचाहिँ परमप्रभु तिम्रा परमेश्वरको विश्राम-दिन हो; यसमा तिमीले कुनै काम गर्नुहुँदैन – न तिमीले, न तिम्रा छोराले, न तिम्री छोरीले, न तिम्रो कमाराले, न तिम्री कमारीले, न तिम्रा गाईबस्तुले, न ता तिम्रा मूलढोकाहरूभित्र बस्ने तिम्रो परदेशीले; किनकि छ दिनमा परमप्रभुले आकाश, पृथ्वी, समुद्र र तिनमा भएका सबै थोकहरू बनाउनुभयो, र सातौं दिनमा चाहिँ उहाँले विश्वास लिनुभयो; यसैकारण परमप्रभुले विश्राम-दिनलाई आशिष दिनुभयो र त्यो दिन पवित्र तुल्याउनुभयो ।*

*आफ्ना बुबा र आफ्नी आमालाई आदर गर, यसैले कि जुन देश परमप्रभुले तिम्रा परमेश्वरले तिमीलाई दिनुहुन्छ, त्यस देशमा तिम्रो आयु लामो होस् !*

*तिमीले हत्या गर्नुहुँदैन ।*

*तिमीले व्यभिचार गर्नुहुँदैन ।*

*तिमीले चोरी गर्नुहुँदैन ।*

*तिमीले आफ्नो छिमेकीको विरोधमा कुनै झूटा गवाही दिनुहुँदैन ।*

*तिमीले आफ्नो छिमेकीको घरको लोभलालच गर्नुहुँदैन । तिमीले आफ्नो छिमेकीकी पत्नीको लोभलालच गर्नुहुँदैन, न उसको कमारा, न उसकी कमारी, न उसको गोरु, न उसको गधा, न ता आफ्नो छिमेकीको कुनै पनि थोकको लोभलालच गर्नु हुन्छ !"*

*अनि सबै मानिसहरूले गर्जनहरू, बिजुलीहरू, तुरहीको आवाज र धूवाँ उठिरहेको पहाड़ देखे; अनि जब ती मानिसहरूले यो देखे, तब तिनीहरू पर हटे र टाढ़ामा उभिए । अनि तिनीहरूले मोशालाई यसो भनेः "तपाईं नै हामीसँग बोल्नुहोस्, र हामी सुन्नेछौं; तर परमेश्वर हामीसँग नबोलून्, नत्र हामी मर्छौं ।" तब मोशाले ती मानिसहरूलाई भनेः "नडराओ; किनकि तिमीहरूलाई जाँच्ने हेतुले र परमेश्वरको डर सदैव तिमीहरूको सामुन्ने भइरहोस्, र तिमीहरूले पाप नगर्ने हेतुले उहाँ आउनुभएको हो ।" तब मानिसहरू टाढ़ै उभिरहे, तर मोशाचाहिँ यस घोर अन्धकारको नजिक गए, जहाँ परमेश्वर हुनुहुन्थ्यो ।'* *प्रस्थान २०:१-२१*

परमेश्वरको वचनको यस खण्डअनुसार दस आज्ञाहरू निम्न प्रकारका हुन्छन्ः

*पहिलो आज्ञाः* 'परमप्रभु तिम्रो परमेश्वर म नै हुँ; मैले तिमीलाई मिस्र देशबाट, दासत्वको घरबाट निकालेर ल्याएँ । **मेरो सामु तिम्रो अरू कुनै देवीदेवता हुनुहुँदैन ।**'

*दोस्रो आज्ञाः* '**तिमीले आफ्नो निम्ति कुनै खोपेको मूर्ति बनाउनुहुँदैन**; अर्थात् माथि आकाशमा भएको, तल पृथ्वीमा भएको र पृथ्वीमनि पानीभित्र भएको **कुनै थोकको प्रतिमूर्ति बनाउनुहुँदैन** । **तिमीले ती थोकहरू दण्डवत् गर्नुहुँदैन र तिनीहरूको पूजा गर्नुहुँदैन**; किनकि म परमप्रभु तिम्रो

परमेश्वर जलन राख्ने ईश्वर हुँ; मलाई घृणा गर्नेहरूका सन्तानहरूलाई तिनीहरूका पुर्खाहरूको अधर्मको निम्ति म तेस्रो र चौथो पुस्तासम्म दण्ड दिन्छु; तर मलाई प्रेम गर्नेहरू र मेरा आज्ञाहरू पालन गर्नेहरूलाई तिनीहरूका हजारौं पुस्तासम्म म करुणा देखाउँछु ।'

*तेस्रो आज्ञाः* '**तिमीले परमप्रभु आफ्ना परमेश्वरको नाम व्यर्थैमा लिनुहुँदैन;** किनकि जसले उहाँको नाम व्यर्थमा लिन्छ, त्यसलाई परमप्रभुले निर्दोष ठहऱ्याउनुहुनेछैन ।'

*चौथो आज्ञाः* '**विश्राम-दिन पवित्र मान्न तिमीले यसको सम्झना जारी राख्नुपर्छ** । यसर्थ छ दिन तिमीले परिश्रम गर्नुपर्छ र आफ्ना सबै कामहरू गर्नुपर्छ । तर सातौं दिनचाहिँ परमप्रभु तिम्रा परमेश्वरको विश्राम-दिन हो; यसमा तिमीले कुनै काम गर्नुहुँदैन – न तिमीले, न तिम्रा छोराले, न तिम्री छोरीले, न तिम्रो कमाराले, न तिम्री कमारीले, न तिम्रा गाईबस्तुले, न ता तिम्रा मूलढोकाहरूभित्र बस्ने तिम्रो परदेशीले; किनकि छ दिनमा परमप्रभुले आकाश, पृथ्वी, समुद्र र तिनमा भएका सबै थोकहरू बनाउनुभयो, र सातौं दिनमा चाहिँ उहाँले विश्वास लिनुभयो; यसैकारण परमप्रभुले विश्राम-दिनलाई आशिष दिनुभयो र त्यो दिन पवित्र तुल्याउनुभयो ।'

*पाँचौं आज्ञाः* '**आफ्ना बुबा र आफ्नी आमालाई आदर गर,** यसैले कि जुन देश परमप्रभुले तिम्रा परमेश्वरले तिमीलाई दिनुहुन्छ, त्यस देशमा तिम्रो आयु लामो होस् !'

*छैटौं आज्ञाः* '**तिमीले हत्या गर्नुहुँदैन ।'**

*सातौं आज्ञाः* '**तिमीले व्यभिचार गर्नुहुँदैन ।'**

*आठौं आज्ञाः* '**तिमीले चोरी गर्नुहुँदैन ।**'

*नवौं आज्ञाः* '**तिमीले आफ्नो छिमेकीको विरोधमा कुनै झूटा गवाही दिनुहुँदैन ।**'

*दसौं आज्ञाः* '**तिमीले आफ्नो छिमेकीको घरको लोभलालच गर्नुहुँदैन ।** तिमीले आफ्नो छिमेकीकी पत्नीको लोभलालच गर्नुहुँदैन, न उसको कमारा, न उसकी कमारी, न उसको गोरु, न उसको गधा, **न ता आफ्नो छिमेकीको कुनै थोकको लोभलालच गर्नु हुन्छ** !'

अब रोमन् क्याथोलिक चर्चको त्रुटि केमा छ, के तपाईंले यो कुरा सरासर पढ्दाखेरि पत्ता लगाउनुभयो ? तपाईंले थाहा पाउनुभएन भने, म यो कुरा यहाँ तपाईंको निम्ति स्पष्ट पार्न चाहन्छु । रोमन् क्याथोलिक चर्चको धारणाअनुसार दसौं आज्ञाको विभाजन भयो र यस आज्ञाबाट दुईवटा आज्ञा भए अर्थात् तिनीहरूको सूचिमा आज्ञा नौ र आज्ञा दस भए । तर तिनीहरूको सूचिमा दस आज्ञामध्ये दोस्रो आज्ञाचाहिँ खोइ, कहाँ गयो ? तपाईंले ध्यान लगाएर हेर्नुहोस् ! तर तिनीहरूको सूचिमा दोस्रो आज्ञा छैन । त्यो आज्ञा हराएको छ; यो बेपत्ता भएको छ, जहाँ यसो लेखिएको छः

*दोस्रो आज्ञाः '**तिमीले आफ्नो निम्ति कुनै खोपेको मूर्ति बनाउनुहुँदैन**, अर्थात् माथि आकाशमा भएको, तल पृथ्वीमा भएको र पृथ्वीमनि पानीभित्र भएको **कुनै थोकको प्रतिमूर्ति बनाउनुहुँदैन । तिमीले ती थोकहरू दण्डवत् गर्नुहुँदैन र तिनीहरूको पूजा गर्नुहुँदैन**; किनकि म परमप्रभु तिम्रो परमेश्वर जलन राख्ने ईश्वर हुँ; मलाई घृणा गर्नेहरूका सन्तानहरूलाई तिनीहरूका पुर्खाहरूको अधर्मको निम्ति म तेस्रो र चौथो पुस्तासम्म दण्ड दिन्छु; तर मलाई प्रेम गर्नेहरू र मेरा आज्ञाहरू पालन गर्नेहरूलाई तिनीहरूका हजारौं पुस्तासम्म म करुणा देखाउँछु ।'*

परमप्रभु परमेश्वरले इस्राएलीहरूलाई कुनै पनि मूर्ति बनाउन दिनुभएन; उहाँले तिनीहरूलाई कुनै पनि मूर्ति ढोग्न वा पुज्न दिनुभएन । यसकारण उहाँले तिनीहरूलाई यी दस आज्ञा दिनुभयो । किनकि तिनीहरूको वरिपरि बसेका सबै अन्यजातिहरूले विभिन्न मूर्तिहरू पूजा गर्थे; तर परमेश्वरले इस्राएलीहरूलाई स्पष्ट भन्नुभयोः जुन मानिसले मूर्ति पुज्छ, त्यस मानिसले परमेश्वरलाई घृणा गरेको हुन्छ । अनि परमेश्वर जलन राख्ने ईश्वर हुनुभएको हुनाले उहाँले मूर्तिपूजा गरेका मानिसहरूलाई तेस्रो र चौथो पुस्तासम्म दण्ड दिनुहुन्छ । परमेश्वर कनान देशमा बसेका र मूर्तिपूजा गरेका यी जातिहरूसित साह्रै बेखुशी हुनुभएको थियो, र उहाँले यिनीहरू सबैलाई इस्राएलीहरूको हातद्वारा नाश गर्नुभयो । त्यसपछि यी अन्यजातिहरूको सट्टामा इस्राएलीहरू कनान देशमा बसे । तर समयको अन्तरालमा इस्राएलीहरूले टाढ़ा-नजिकका अन्यजातिहरूको चाल सिके र मूर्तिपूजा गर्न थाले । अन्तमा परमप्रभु परमेश्वरले तिनीहरूलाई प्रतिज्ञा गरिएको देशबाट निकालिदिनुभयो, र तिनीहरू सत्तरी वर्षसम्म बेबिलोनमा निर्वासित थिए, कैदी थिए । त्यसपछि मात्र तिनीहरूले मूर्तिपूजा गर्नुहुँदैन भन्ने पाठ सिके । अनि त्यस समयदेखि इस्राएलीहरूको बीचबाट सबै मूर्तिहरू बिलकुल हटाइए ।

इस्वी संवत् दोस्रो-तेस्रो शताब्दीको कुरा होः रोममा र सारा रोमी साम्राज्यमा इसाई धर्म राष्ट्रिय धर्म भयो । अनि त्यस समयमा तिनीहरूले अन्यजातिका मानिसहरूलाई इसाई त बनाए, तर सकली खाँटी इसाईचाहिँ होइन । किनकि तिनीहरूले यी मानिसहरूलाई येशूको मूर्ति, मरियमको मूर्ति र प्रभु येशूका प्रेरितहरूको मूर्ति पुज्न, धूप वा दिया बाल्न, फूलको अछेता चढ़ाउन र ढोग्न दिए, अनि यसो

गर्न सिकाए। यसकारण त्यस समयदेखि आजको दिनसम्म रोमन् क्याथोलिक चर्चमा, रूसी ओर्थडक्स चर्च र ग्रीक अर्थडक्स चर्चमा प्रभु येशूको मूर्ति र उहाँकी आमा मरियमको मूर्ति र अन्य मूर्तिहरू छँदैछन् ।

अब हामीले सोह्र शताब्दीको कुरा गर्नुपर्छ, जुन समयमा मार्टिन लुथर र अन्य व्यक्तिद्वारा इसाई धर्ममा सुधार आयो । तिनीहरूले छर्लङ्ग बुझेः परमेश्वरको वचनअनुसार प्रभु येशू, उहाँकी आमा मरियम र सान्तहरूका मूर्तिहरू राख्नुहुंदैन, ढोग्नुहुंदैन, तिनीहरूको सामु धूप र दिया बाल्नुहुंदैन । यसकारण तिनीहरूले सबै गिर्जाहरूबाट यी जम्मै मूर्तिहरू निकाले । अनि त्यस समयदेखि आजको दिनसम्म प्रोटेस्टेन्ट गिर्जाहरूमा यस्तो कुनै मूर्ति छैन। तर रोमन् क्याथोलिक चर्चहरूमा येशू झुन्डिनुभएको क्रूसको मूर्ति, माता मरियमको मूर्ति र अन्य मूर्तिहरू रहे। किन ? यो एउटा गम्भीर प्रश्न हो, जसको जवाफ हामीले आज पाउनुपर्छ।

अनि यसको स्पष्ट उत्तर परमेश्वरका दस आज्ञामध्ये दोस्रो आज्ञामा छः परमप्रभु परमेश्वरले हामीलाई कुनै पनि मूर्ति बनाउन दिनुभएन। हामीले माथि आकाशमा, तल पृथ्वीमा र पानीभित्र भएको कुनै पनि थोकको प्रतिमूर्ति बनाउनुहुंदैन । हामीले ती थोकहरू दण्डवत् गर्नुहुंदैन र तिनीहरूको पूजा गर्नुहुँदैन ।

यसो हो भने, हामीले येशूको मूर्ति पनि बनाउनुहुँदैन, यस प्रकारको मूर्ति ढोग्नुहुंदैन, यसको सामु धूप र दिया बाल्नुहुंदैन, कुनै फूलको अछेता पनि चढ़ाउनुहुंदैन । हामीले माता मरियमको मूर्ति पनि बनाउनुहुंदैन, मरियमको मूर्ति पनि ढोग्नुहुँदैन, यसको सामु धूप र दिया पनि बाल्नुहुँदैन । तर यसको

विषयमा परमेश्वरको सुस्पष्ट आज्ञा हुँदा-हुँदै किन अझ पनि यसो गरिन्छ त? किनभने रोमन् क्याथोलिक चर्चले छल गरेको छ र जानी-जानी परमेश्वरका दस आज्ञाहरूको बीचबाट दोस्रो आज्ञाचाहिँ हटाएको छ। अनि विचरा, तिनीहरूका सीधासादा विश्वासीहरूले यो जान्दैनन्, यो बुझ्दैनन्।

हुन सक्छ, तपाईंले पनि आजको दिनसम्म यो कुरा जान्नुभएन, बुझ्नुभएन; किनभने तपाईं सायद आफैले धर्मशास्त्र पवित्र बाइबल पढ्नुभएन, तर आफ्नो ज्ञान पाद्रीहरूको मुखबाट पाउनुभयो होला। यसो हो भने, हामी यहाँ तपाईंको सामु परमेश्वरको वचनबाट केही पदहरू पेश गर्न चाहन्छौं। किनकि प्रभु येशूले भन्नुभयो: *'त्यो समय आउँछ, र त्यो अहिले नै हो, जुन घड़ीमा साँचो उपासकहरूले परमेश्वर पिताको उपासना आत्मामा र सत्यतामा गर्नेछन्; किनकि उहाँको उपासना गर्न पिताले यस्ताहरूलाई खोज्नुहुन्छ। परमेश्वर आत्मा हुनुहुन्छ, अनि उहाँको उपासना गर्नेहरूले उहाँलाई आत्मामा र सत्यतामा उपासना गर्नुपर्छ'* (यूहन्ना ४:२३-२४)।

प्रभु येशूले उक्त शब्दहरू एउटी सामरी स्त्रीसँग बोल्नुभयो; अनि त्यस स्त्रीले उठाएको प्रसङ्गअनुसार उहाँले स्पष्ट पार्नुभयो: परमेश्वर आत्मा हुनुहुन्छ। यसको अर्थ यो हो: उहाँ निराकार हुनुहुन्छ। कसैले पनि उहाँलाई देखेको छैन। यसकारण जसले परमेश्वरलाई उहाँको सम्झनामा कुनै आकार, कुनै रूप दिन्छ, त्यसले मूर्तिपूजाको पाप गर्छ। जसले परमेश्वरलाई पुज्न चाहन्छ, उसले त्यो सत्यतामा गर्नुपर्छ; उसले उहाँलाई आत्मामा पुज्नुपर्छ। यस दिव्य वचनअनुसार ईश्वर सम्झिने कुनै पनि मूर्ति वा कुनै पनि चित्रको सामु ढोग्नु, धूप बाल्नु र प्रार्थना चढ़ाउनु मनाही गरिएको छ।

अनि येशूलाई चित्रण गरिएको कुराको विषयमा कसो हो ? प्रेरित पावलले लेखेको कुरा हामी याद गरौं, जसले यसो लेखेका छन्ः *'यसकारण अबदेखि उसो हामी कसैलाई पनि शरीरअनुसार चिन्दैनौं; अँ, यदि हामीले ख्रीष्टलाई शरीरअनुसार चिनेका भए तापनि हामी अबदेखि उसो उहाँलाई यसो चिन्दैनौं। किनकि कोही ख्रीष्टमा छ भने, ऊ एउटा नयाँ सृष्टि हुन्छ, पुराना कुराहरू बितिगएका छन्; हेर, सबै कुराहरू नयाँ भएका छन्'* (२ कोरिन्थी ५ :१६ -१७ ) ।

प्रेरित पावलले यहाँ के भनेका छन् ? हामी कसैलाई शरीरअनुसार चिन्नुहुँदैन । इसाई विश्वासमा यहूदी र अन्यजाति, ठूलो जात र सानो जात, स्वदेशी र विदेशी हुनुहुँदैन । ख्रीष्ट येशूमा हामी सबै एक छौं, हामी एक-अर्काका दाजुभाइ-दिदीबहिनी हौं । अनि यस हैसियतले म तपाईंलाई यो सबै कुरा लेख्छु ।

हामीमध्ये कसैले पनि प्रभु येशूलाई देखेको छैन । तर मानौं कसैले उहाँलाई शरीरमा देखेको छ; तब यसको विषयमा प्रेरित पावलले हामीलाई के भने त ? अबदेखि उसो हामी उहाँलाई यसो चिन्दैनौं । तब के तपाईंलाई उहाँको सम्झना गर्न अझै एउटा क्रूस चाहिन्छ, उहाँलाई चित्रण गरिएको कुनै नक्सा वा तस्बीर चाहिन्छ ? तब बुझ्नुहोस्, जसले यस प्रकारको दुर्बल र निकम्मा थोकहरू प्रयोग गर्छ, उसले प्रभु येशूलाई अझै पनि चिनेको छैन । किनकि जो ख्रीष्टमा छ, त्यो मानिस एउटा नयाँ सृष्टि हुन्छ । पुराना कुराहरू बितिगएका छन् । यसकारण पुराना कुराहरू त्याग्न तयार हुनुहोस्, र ख्रीष्टमा नयाँ सृष्टि हुनुभएको प्रमाण दिनुहोस् ! कसरी ? उहाँलाई आत्मा र सत्यतामा पुज्नुहोस् ! यसकारण आफ्नो जीवन र घर-परिवारबाट प्रभु येशूको मूर्ति र माता मरियमको मूर्ति र अरू सबै

प्रकारका मूर्तिहरू हटाउनुहोस् ! मूर्तिपूजा गर्नुभएको दोष तपाईंलाई किन लाग्ने ? परमेश्वरको रिस किन उठाउने ? उहाँ जलन राख्ने परमेश्वर हुनुहुन्छ । उहाँलाई घृणा गर्नेहरूलाई उहाँ कुनै हालतमा पनि निर्दोष ठहऱ्याउनुहुन्न, तर उहाँले तिनीहरूलाई अवश्य दण्ड दिनुहुनेछ । किनकि यसो लेखिएको छः *'डराउनेहरू, विश्वास नगर्नेहरू, घिनलाग्दाहरू, हत्याराहरू, व्यभिचारीहरू, टुनामुना गर्नेहरू, मूर्तिपूजा गर्नेहरू र सबै झूट बोल्नेहरू सबैको भाग आगो र गन्धकले जलिरहेको तालभित्र हुनेछ; यो दोस्रो मृत्यु हो'* (प्रकाश २१ : ८) ।

यसकारण मानिसहरूसित नडराउनुहोस्, तर परमेश्वरको भय मान्नुहोस् ! उहाँले दिनुभएका दस आज्ञाहरूमध्ये उहाँको दोस्रो आज्ञा छँदैछ । अनि यस आज्ञाको सुस्पष्ट प्रकाशबाट कोही लुक्न सक्दैन । यो आज्ञा इन्कार नगर्नुहोस्, तर आजदेखि सहर्षसाथ पालन गर्नुहोस् ! यति मात्र होइन, तर परमेश्वरको वचनमा आफ्नो विश्वासको निम्ति सत्‌आधार खोज्नुहोस् ! तब ख्रीष्टमा तपाईं एउटा नयाँ सृष्टि बन्नुहुनेछ ।

अन्तमा परमेश्वरको वचनको यो पद पनि शिरोपर गर्नुहोस्ः

*'हे साना नानीहरूहो, आफूलाई मूर्तिहरूबाट जोगाइराख ! यस्तै होस् !'*

१ यूहन्ना ५ : २१

यस सम्बन्धमा तपाईंले कुरा अझ बढ़ी बुझ्न र सिक्न चाहनुभयो भने अथवा तपाईंलाई तपाईंको जीवनमा आत्मिक सहायताको खाँचो परेमा निम्न ठेगानामा हामीसित सम्पर्क राख्नुहुन अनुरोध गर्छौं । धन्यवाद ।

email: nbcinepal@gmail.com

प्रिय पाठक मित्र, आज सुनौलो मौका छोप्नुहोस्, र 'आशाको किरण' भन्ने हाम्रो रेडियो-कार्यक्रम, अडियो पोडकास्ट, रोचक किताबहरू र अन्य आत्मिक पुस्तक-पुस्तिकाहरू सित्तैंमा हाम्रो निम्न web-page बाट डाउन-लोड गरेर पढ्नुहोस्ः

www.nbcinepal.org

https://www.nbcinepal.org/

SCAN ME